नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना व्यवस्थापन इकाई

खुमलटार, ललितपुर

**सूचना नं.: १-०७६।७७**

**(प्रथम पटक प्रकाशित मितिः २०७६।६।१४)**

यस परियोजना अन्तर्गत विभिन्न जिल्लाहरुमा संचालित परियोजना कार्यान्वयन इकाईहरु अन्तर्गत रहेका जोन/सुपरजोनहरुको लागि आवश्यक रहेको कृषि प्राविधिक र पशु सेवा प्राविधिक (राजपत्र अनंकित द्वितीय श्रेणी) पदमा सेवा करारका लागि खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले सम्बन्धित परियोजना कार्यान्वयन इकाईहरुबाट उपलब्ध दरखास्त आवेदन रितपूर्वक भरि सम्बन्धित जिल्लामा रहेका परियोजना कार्यान्वयन इकाईहरुमा तोकिएको म्याद भित्र दर्ता गराईसक्नु पर्नेछ ।

| क्र.सं. | परियोजना कार्यान्वयन इकाई | विज्ञापन नं. १-२०७६/७७ | विज्ञापन नं. २-२०७६/७७ | क्र. सं. | परियोजना कार्यान्वयन इकाई | विज्ञापन नं. १-२०७६/७७ | विज्ञापन नं. २-२०७६/७७ |
|---|---|---|---|---|---|---|---|
| | | कृषि प्राविधिक (रा.प.अनं. द्वि.प्रा.) | पशु सेवा प्राविधिक (रा.प.अनं. द्वि.प्रा.) | | | कृषि प्राविधिक (रा.प.अनं. द्वि.प्रा.) | पशु सेवा प्राविधिक (रा.प.अनं. द्वि.प्रा.) |
| १ | ताप्लेजुङ्ग | २ | - | ३४ | मनाङ्ग | २ | - |
| २ | पाँचथर | २ | - | ३५ | मुस्ताङ्ग | २ | - |
| ३ | इलाम | २ | २ | ३६ | म्याग्दी | १ | २ |
| ४ | झापा | ५ | - | ३७ | पर्वत | ४ | - |
| ५ | मोरङ्ग | ४ | - | ३८ | बाग्लुङ्ग | २ | - |
| ६ | सुनसरी | ८ | २ | ३९ | नवलपरासी ब.सु. पूर्व | ४ | - |
| ७ | तेह्रथुम | २ | - | ४० | गुल्मी | ४ | - |
| ८ | संखुवासभा | २ | - | ४१ | पाल्पा | १ | - |
| ९ | भोजपुर | २ | - | ४२ | नवलपरासी ब.सु. पश्चिम | २ | - |
| १० | सोलुखुम्बु | ६ | - | ४३ | कपिलवस्तु | ४ | - |
| ११ | ओखलढुङ्गा | २ | - | ४४ | अर्घाखाँची | - | २ |
| १२ | खोटाङ्ग | २ | - | ४५ | प्यूठान | २ | - |
| १३ | उदयपुर | ६ | - | ४६ | रोल्पा | २ | - |
| १४ | सप्तरी | २ | २ | ४७ | रुकुम पूर्व | २ | - |
| १५ | सिरहा | ४ | - | ४८ | बाँके | २ | - |
| १६ | धनुषा | ३ | - | ४९ | दाङ्ग | ४ | - |
| १७ | महोत्तरी | ४ | - | ५० | रुकुम पश्चिम | २ | - |
| १८ | सर्लाही | १ | - | ५१ | सल्यान | ४ | - |
| १९ | पर्सा | २ | - | ५२ | सुर्खेत | ४ | - |
| २० | रौतहट | ४ | - | ५३ | दैलेख | ४ | २ |
| २१ | सिन्धुली | १ | - | ५४ | जाजरकोट | ४ | - |
| २२ | रामेछाप | ४ | २ | ५५ | डोल्पा | २ | - |
| २३ | दोलखा | २ | - | ५६ | कालीकोट | २ | - |
| २४ | सिन्धुपाल्चोक | २ | - | ५७ | मुगु | २ | - |
| २५ | भक्तपुर | २ | - | ५८ | हुम्ला | २ | - |
| २६ | नुवाकोट | ३ | - | ५९ | बाजुरा | २ | - |
| २७ | रसुवा | २ | - | ६० | बझाङ्ग | २ | - |
| २८ | धादिङ्ग | ४ | - | ६१ | अछाम | २ | २ |
| २९ | मकवानपुर | २ | - | ६२ | डोटी | २ | - |
| ३० | चितवन | ४ | - | ६३ | कैलाली | २ | - |
| ३१ | गोरखा | ४ | - | ६४ | डडेलधुरा | ४ | - |
| ३२ | लमजुङ्ग | २ | - | ६५ | बैतडी | २ | - |
| ३३ | तनहुँ | २ | - | | | | |

**पाठ्यक्रम :-**

**(क) कृषि प्राविधिक :-** लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ. इको. एण्ड मार्केटिङ्ग समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको पाठ्यक्रममा आधारित हुने छ।

**(ख) पशु सेवा प्राविधिक :-** लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको नेपाल कृषि सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको पाठ्यक्रममा आधारित हुनेछ।

**परीक्षाको किसिम :-** लिखित तथा अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-** सम्बन्धित परियोजना कार्यान्वयन इकाईको सूचनापाटीमा प्रकाशन गरिनेछ ।

**दरखास्त दस्तुर :-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु ३००।- (तिन सय) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थान :-** सम्बन्धित जिल्लाको परियोजना कार्यान्वयन इकाई।

**दरखास्त दिने अन्तिम मिति :-** मिति २०७६/७/४ सम्म मात्र।

**तलव सुविधा :-** नेपाल सरकारको नियमानुसार।

**उम्मेदवारको उमेरको हद :-** मिति २०७६/७/४ सम्म पुरुषको हकमा १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**अन्तर्वार्ता हुने मिति र समय :-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**लिखित परीक्षा कार्यक्रमः**

| परीक्षाको मिति र समय | कृषि प्राविधिक | पशु सेवा प्राविधिक |
|---|---|---|
| मिति | २०७६/७/२३ गते शनिवार | २०७६/७/२३ गते शनिवार |
| समय | बिहान ११:०० बजे | बिहान ११:०० बजे |

**आवश्यक न्यूनतम योग्यताः**

**(क) कृषि प्राविधिक तर्फः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई टी. एस. एल. सी. उत्तीर्ण भएको हुनुपर्ने।

**(ख) पशु सेवा प्राविधिक तर्फः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी. ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी. एस. एल. सी. उत्तीर्ण भएको हुनुपर्ने।

**द्रष्टव्यः**

क) सूचनामा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत हुनेछैन।

ख) उम्मेदवारले दरखास्त साथ पेश गर्ने शैक्षिक योग्यता लगायतका कागजातहरु स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ।

ग) लिखित परीक्षा उतीर्ण हुने उम्मेदवारले अन्तर्वार्तामा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव सम्बन्धी कागजात तथा अन्य कागजातको सक्कल साथ उपस्थित हुनुपर्नेछ ।

घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थानमा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

ङ) **करार अवधी बढिमा एक वर्षको हुनेछ।** सो अवधि भित्र लोकसेवा आयोग/कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थायी कर्मचारी आएमा सेवा करारमा लिएको कर्मचारी स्वतः हट्ने छन्।

च) यस सूचनामा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

छ) दरखास्त फारम परियोजनाको वेभसाईट www.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ।